
# भूमि अधिकार

बर्ष १, अंक २, जुन २००३



## सामाजिक समुन्नतिको लागि भूमि अधिकार

हाम्रो भनाई

## जमिनमा खेती गर्नेको स्वामित्व हुन आवश्यक

करिब पाँच दशकको विकास प्रयाशको वावजुद पनि अधिकांश नेपालीको जीवनस्तरमा सुधार आउन नसकेको मात्र होईन गरिबीको चपेटामा रहेका निर्धन व्यक्तिहरु झन-झन निर्धन हुँदै गईरहेका छन् । यसो हुनुमा जमिनमा वास्तविक रुपमा खेती गर्नेहरुको असाध्यै कमसल, चुत्थो जमिन हुनु वा जमिन नै नहुनु हो ।

जमिनको स्वामित्व नेपाली समाजको मुल धन, सामाजिक स्तर एवं प्रतिष्ठा र आर्थिक तथा राजनीतिक शक्तिको आधार रहेको छ । जमिनमा सबैभन्दा बढी परिश्रम गर्ने तर सबैभन्दा अधिकार विहिन व्यक्तिहरु जस्तै हली, गोठाला, भरिया, कमैया, जोताहा किसान र दलित भूमिहीन नै यो मुलुकका अति गरिबमा पर्दछन् । त्यस्ता परिवारलाई भूमि अधिकार दिने र भू-तथा कृषि व्यवस्था भित्रको शोषण कम गरेर दिगो रुपमा गरिबी कम गर्न सकिन्छ । जुन पीडितहरुकै सहभागिता, संगठन र नागरिक अभियानबाट मात्र सम्भव छ ।

भूमिमा जोत्नेको स्वामित्व नहुनु द्वन्द्वको प्रमुख कारण हो । यस बाहेक जग्गा दर्ता र ब्लक नापी जस्ता समस्या सुल्झिन नसक्दा समुदायमा विवाद बढेको पाईन्छ । समाजमा रहेका र अदालतसम्म आईपुगेका विवाद तथा झगडाको ठूलो हिस्सा जग्गासँग जोडिएकाले पनि यो कुराको सहज पुष्टि गर्दछ ।

कृषिमा आधारित नेपालको आर्थिक एवं सामाजिक समुन्नतिको लागि भूमि अधिकार एउटा महत्वपूर्ण सवाल हो । करिब १० लाख २० हजार भूमिहीन परिवार र पुस्तौंदेखि अरुको जमिन जोत्ने ४ लाख ५० हजार जोताहा परिवारले भूमि अधिकार नपाएसम्म नेपालको गरिबी कम गर्न प्रायः असम्भव नै छ । उत्पादनको मुख्य श्रोत वितरणमा असमानता रहन्जेल अन्य राहतमुखी कार्यक्रमले मात्र देशको गरिबी कम गर्न सकिंदैन भन्ने तथ्य विगतमा भए गरेका धेरै प्रयास निरर्थक रहनुबाट प्रष्ट नै छ ।

भूमिहीन, कमैया, हलिया, गोठालो, गुहारे, कृषि श्रमिक, जोताहा, मोही आदिका नाममा नेपाली समाजमा व्याप्त शोषण कुनै न कुनै रुपमा भूमिव्यवस्थाकै उपज रहेको भेटिन्छ । न्यायोचित भूमिसुधारका माध्यमबाट भूमिमा जोत्नेको अधिकार स्थापित गराउन सरकार र नागरिक समाज दुवै जुट्नु आजको आवश्यकता हो ।

## यस अंकमा


द्वन्द्व व्यवस्थापनमा भूमिको सवाल ३
कनिकामा जमिन गुम्यो ४
सिन्धुपाल्चोकको भूमि समस्या ५
भूमि अधिकार अभियानमा महिला सहभागिता ६
प्रमाण नभएपछि ७
भूमिमा महिला स्वामित्व किन ? ८
अभियान क्रियाकलापहरू ९
किसानको समस्या १२
जग्गा चाहिन्छ ? भनेर कसैले सोधेनन् १३
बाहुनको घरमा बाँधा मजदूर छन् दलितहरू १३
रातोदिन जमिन जोत्ने दलितहरू भूमि अधिकारको खोजीमा १४


## अनुरोध

यो पत्रिका चौमासिक रूपमा प्रकाशन गरिनेछ । भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह, सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै महानुभावमा हार्दिक अनुरोध गर्दछौं ।

# द्वन्द्व व्यवस्थापनमा भूमिको सवाल

● रघुनाथ लामिछाने

नेपाली समाज विभिन्न रुप र तहमा विभाजित छ। भूमिमाथिको स्वामित्वले यसो हुनुमा प्रमुख भूमिका निर्वाह गरेको छ। प्रशस्त भूमि हुने व्यक्ति/परिवार स्वतः धनी हुने र उसको दिनचर्या सहज एवं 'इज्जतदार' हुन्छ। यसको विपरित भूमि नहुने वा भए पनि थोरै मात्र हुनेहरु जीउनकै लागि दैनिक संघर्षमा उत्रिरहेका छन्। यही कारण हाम्रो समाज 'हुने खाने र हुँदा खाने' मा बाँडिएको छ।

मुलुक केही वर्षदेखि द्वन्द्वबाट गुज्रिरहेको छ। द्वन्द्वले निम्त्याएको हिंसा र त्रासले यतिखेरको द्वन्द्व सबैको टाउको दुखाइ भएको छ। तर भूमिले निम्त्याएको द्वन्द्व भने माओवादीले शुरु गरेको द्वन्द्वभन्दा निकै पुरानो छ। ताकि यो दबिएर र खुम्चिएर बसेको किन नहोस्। फरक यति छ कि उकुसमुकुस भएर बसेको यो द्वन्द्वले माओवादी जनयुद्धका क्रममा आफ्नो पनि केही ठाउँ बनाउन सक्यो अर्थात् यो क्रन्दनलाई पनि समेट्न सक्यो यो जनयुद्धले।

वि.सं. २०५८ को जनगणनाअनुसार मुलुकका सिंगै बासिन्दामध्ये एक चौथाइसँग खेती गर्ने जमिन नहुनुले पनि प्रष्ट पार्छ कि नेपालमा भूमि समस्या कति गहिरो छ भन्ने। त्यसमाथि जतिसँग जमिन छ, त्यो पनि थोरै व्यक्तिको कब्जामा धेरै जमिन रहने तर धेरै व्यक्तिको कब्जामा थोरै जमिन रहने अवस्थाले समाज विभाजनको खाडललाई अझ गहिरो बनाएको छ। ५ प्रतिशत भूमिपतिसँग सिंगै मुलुकको २६ प्रतिशत जमिन हुनुले यो वास्तविकता पुष्टि हुन्छ। यस अर्थमा धनी र गरीब बीचको दूरीलाई भूमिले अझ बढाएको छ।

अहिले करिब साढे चार लाख परिवारसँग आफूले कमाइरहेको जमिनमाथि स्वामित्व दावा गर्ने कुनै प्रमाण छैन। साहूहरुलाई सहज पर्ने तवरबाट बनेका कानूनले खोजेका प्रमाण जुटाउन नसक्ने परिस्थितिका कारण अहिले यस्ता 'बेदर्तावाल मोही' सुकुम्बासी बन्ने अवस्थामा पुगेका छन्। समान अधिकारका भागी यत्रो संख्याका पीडित कृषकलाई अहिले आवाज उठाउने बाटोसमेत बन्द गरेर राज्यले नै पाखा लगाइदिएको छ- भूमिसम्बन्धी ऐनको चौथो संशोधनमार्फत्। भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या पनि योभन्दा कम विकराल छैन।

यस्तो अवस्थाबाट उकुसमुकुस पीडितहरु माओवादी जनयुद्धप्रति नजिकिनु कुनै अस्वभाविक विषय हैन। भरपेट खानकै लागि माओवादी सैन्यमा भर्ना हुनेको संख्या पनि अधिक छ भन्नुमा अत्युक्ति मान्नुपर्ने कुनै कारण छैन। र, राज्यको असमान सुविधा वितरण प्रणालीको शिकार बन्न पुगेकाहरु विकल्पको खोजीमा अझै पनि यसमै निर्भर रहनु उनीहरुको बाध्यता बन्न पुगेको छ। सरकारले खानाको 'कोटा' तोकिदिने र त्यो पनि व्यवस्थित नहुने तथा त्यसमा पनि कटौती हुने अवस्थाले भोका पेटभित्र सिर्जेको ज्वाला निकाशको खोजीमा यसतर्फ रुपान्तरित हुन पुगेको हो।

*अहिलेको द्वन्द्व व्यवस्थापन प्रयासमा भूमिमाथिको स्वामित्वलाई सन्तुलनमा ल्याउन सकिएन भने अर्थात् समाधान गर्न सकिएन भने मुलुक द्वन्द्वको चक्रब्यूहबाट उम्कन सक्दैन।*

जग्गा ओगट्नेले खेती नगर्ने र खेती गर्ने दरिला पाखुरा हुनेसँग जमिन नहुने अवस्थाले देशकै समग्र उत्पादकत्वमा असर परिरहेको छ। सन् १९८९/९० मा हाम्रो खाद्यान्न आवश्यकता ३५५८०११ मेट्रिक टन रहेकोमा ९४२४ मेट्रिक टन अपुग थियो भने त्यसको दश वर्षपछि अर्थात् सन् १९९८/९९ मा आइपुग्दा यसरी अपुग खाद्यान्नको परिमाण १८६२५९ मेट्रिक टन हुन पुग्यो। जबकि यो अवधिमा ४२८५८५६ मेट्रिक टन खाद्यान्न चाहिन्थ्यो। यसरी हेर्दा वर्षेनी हामी खाद्यान्न अपुगको स्थिति बेहोरिरहेका छौं। अर्थात् सोझो अर्थमा भन्नुपर्दा हाम्रो समाज अझै विभाजित हुँदैछ र भूमिले निम्त्याउने द्वन्द्वको आकार बढ्दो छ।

यी विविध कारण हुन- अहिलेको द्वन्द्व व्यवस्थापन प्रयासमा भूमिमाथिको स्वामित्वलाई सन्तुलनमा ल्याउन सकिएन भने अर्थात् समाधान गर्न सकिएन भने मुलुक द्वन्द्वको चक्रब्यूहबाट उम्कन सक्दैन। यो समस्याको समाधानविना अन्य कुरामा सहमति जनाउन व्यवस्थापनमा संलग्न पक्षहरु तयार भए पनि

फेरि अर्को कोणबाट द्वन्द्व सिर्जना हुन्छ । यसका सिर्जनाकार र सिर्जनास्थल पृथक हुन सक्छन् तर यसको भूतले सिंगै मुलुकलाई गाँज्न छाड्ने छैन । किन पनि भने भूमिको असमान वितरणले वर्तमानमा देखिएको द्वन्द्व उकास्न निकै मद्दत गरेको तथ्यलाई नकार्न सकिन्न ।

संयुक्त क्रान्तिकारी जनपरिषद् नेपालको नामबाट माओवादी पक्षद्वारा जारी साझा नीति कार्यक्रममा 'ठूलो हिस्सा रहने कृषिमा किसानको स्वामित्व' रहने उल्लेख छ । त्यसैगरी उत्पादक शक्तिहरुको अति पिछडिएको अवस्थालाई रुपान्तरित गर्दै लैजान 'क्रान्तिलाई दरोसँग पक्र र उत्पादन बढाउ' भन्ने सिद्धान्तलाई आर्थिक विकासको मूल मार्ग निर्देशन नीति बनाइने पनि त्यसमा उल्लेख छ ।

यसैगरी माओवादीले नयाँ जनवादी क्रान्तिको मुख्य आधार नै कृषि क्रान्ति भएको उल्लेख गरेर यसलाई प्राथमिकता दिनैपर्ने कार्यक्रम पनि अघि सारेको छ । जमिन जोत्नेको हुने, गुठी तथा भूमिपतिहरुको नियन्त्रणमा रहेको जमिन खोसेर भूमिहीनलाई वितरण गर्ने, क्रान्तिकारी भूमिसुधार कार्यक्रम कार्यान्वयनद्वारा यो क्षेत्रको असन्तुलनलाई सन्तुलनमा ल्याउन प्रयास गरिने जस्ता बुँदा पनि उनीहरुले अघि सारेका छन् । यसबाहेक जोताहालाई जमिनको मालिक बनाइने, जफत गरेर प्राप्त भएको तथा पर्ति, सार्वजनिक जग्गा किसानलाई बराबर बाँड्ने जस्ता कार्यक्रम पनि यसमा समावेश छ ।

द्वन्द्व व्यवस्थापनमा कस्सिएर लागेको अर्को पक्ष सरकारले भने भूमि सवालसम्बन्धी कुनै नयाँ धारणा सार्वजनिक गरेको छैन । यो अवस्थामा सरकारले घोषणा गरेको नीतिलाई नै आधिकारिक सरकारी नीति मान्नुपर्ने हुन्छ । दशौं पञ्चवर्षीय योजनाले जमिनमा सीप र श्रम हुने व्यक्तिको पहुँच अभिवृद्धि गर्ने र लक्षित समूहको स्थापना तथा पुनर्स्थापनाद्वारा गरिबी न्युनीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तय गरेको छ । त्यसैगरी कानूनीरुपमा जमिनमाथिको दोहोरो स्वामित्व समाप्त भए पनि व्यवहारमा अझै कायमै रहेकाले समयबद्ध कार्यक्रमद्वारा यसको फरकफारक गरिने नीति पनि दशौं योजनाले अंगालेको छ ।

यसरी हेर्दा अहिले द्वन्द्व व्यवस्थापनका प्रमुख दुई हिस्सेदारसँग नै राम्रा नीति र कार्यक्रम तथा सोच रहेका देखिन्छ । तर यी नीति र नाराले कृषकको वास्तविक हितलाई कति समेट्न सक्छ भन्ने किटान गर्नचाहिँ अहिल्यै सकिन्न किनकि नेपालमा नीतिको अभाव कहिल्यै रहेन, समस्या कार्यान्वयनको मात्र रह्यो भन्ने तथ्य कसैले बिर्सेको छैन । पछिल्लो पटक गडगडाएर हल्लीखल्लीका साथ देउवा सरकारले ल्याएको भूमिसुधार कार्यक्रमले सबैलाई ढाँटेको घटना पनि पुरानो भइसकेको छैन । त्यसैले अहिलेको द्वन्द्व व्यवस्थापन प्रक्रियामा दरिलो प्रतिबद्धतासाथ भूमिपीडितले भोग्नुपरेका समस्यालाई समेट्न सकिएन भने यो व्यवस्थापन अपांग हुन जाने निश्चित छ भन्न हिच्किचाउनु पर्दैन । ●

घटना अध्ययन

# कनिकामा जमिन गुम्यो

गाती २ मा बस्ने मिर्गबहादुर तमाङ बाह्रबिसे बजारका जीतलाल साहुको २ पाथी धानको बीउ जाने खेत र १२ माना मकैको बीउ जाने बारी कमाउँदै आएका छन् । 'वर्षको ३ मुरी धान र ५ भारी मकै बुझाउँछु । बाउले पनि यसै गरी कमाउँदै आएका रहेछन् । हाम्रो परिवारले जग्गा कमाएको ९० वर्ष भईसक्यो' - मिर्गबहादुरले भने । यसरी जग्गा जोत्नेमा गातीका मिर्गबहादुर एक्लै भने होइनन् । अर्का किसान मोतीलाल तमाङ ७० वर्ष देखि कृष्णलाल श्रेष्ठको जग्गा जोत्दै आएका छन् भने जितबहादुर तमाङ पनि ८० वर्षदेखि जग्गा कमाउँदै आएको बताउँछन् ।

ग्रामीण विकास समाजले भूमि अधिकार बारे छलफल गर्न मंसिर १० मा गातीमा भेला राखेको थियो । भेलामा गाती गाविस वडा नं. १ २, ३, ४ र ५ का ८५ जना किसान भेला भएका थिए । उनीहरुका अनुसार हाल उनीहरुले जोतिरहेका जग्गा आफ्नै थियो ।

पहिले-अहिलेको जस्तो उब्जनी हुँदैनथ्यो । खानलाई समस्या थियो । त्यही समयमा हामीले बाह्रबिसेका साहूबाट चामल कनिका पैंचो लिन्थ्यौं । साहूले सुरुसुरुमा मेरो चामल र कपडाको ऋण तिर्नुपर्दैन तिम्रो जग्गा मलाई पास गर मैले जग्गा बोकेर लाने होईन तिमी नै कमाउ खाउ र मलाई अधियाँ बुझाउ भने । साहूको कुरामा लागेर जग्गा राजिनामा कागजमा सहिछाप गरिदियौं । तर जग्गा पास गरेर दिएको दुई वर्ष नपुग्दै साहूले हामीलाई धम्काउन थाले ।

जमिन खोस्ला भन्ने पीरले साहूले भने बमोजिमको कुत बुझाउँदै आयौं । पछि ऋण तिर्न सक्ने भएपछि फिर्ता गरौं भन्दा ती साहूले मानेनन् । ५० औं वर्षदेखि जमिन जोतिरहेका छौं । विभिन्न अड्को र अप्ठ्यारामा पारेर हाम्रै जमिन साहूले लिएर अहिले हामी आफ्नै जन्मभूमिमा बिराना भएका छौं । हामीले कमाएको बालि साहूलाई बुझाउन बाध्य छौं । किसानले भेलामा बताए ।

उनीहरुसँग जग्गा जोतेवापतको कुनै प्रमाण पनि छैन । 'भर्पाइ माग्दा, तँलाई भर्पाइ किन चाहियो ? जग्गा नकमाउने भए जग्गा छोड्दे म भर्पाइ दिन्न भनेर भन्छन् । हामी विवश भएर जमिन जोतिरह्यौं, हामीलाई मोही हक पाईन्छ भन्ने पनि थाहा भएन । पीडित माहिली तामाङनीले भनिन् ।'

**- ग्रामिण विकास समाज, बाह्रबिसे**

# सिन्धुपाल्चोकको भूमि समस्या



● जगत देउजा

*जिल्लामा तल्सिङ्को नाममा रहेको जमिन कमाउने करिब १० हजार परिवार रहेका छन् । तर यी किसानले मोहियानी हक पाउन सकेका छैनन् । भूमिसुधार कार्यालयमा ८७८९ मोही किसानको लगत रहेको छ । यी मध्ये ९० प्रतिशतले नापीको समयमा स्रेस्तामा मोही कायम गरेका छैनन् । स्रेस्तामा मोहियानी कायम नभई आधा जग्गा पाउनसक्ने अवस्था छैन ।*

सिन्धुपाल्चोक २५४२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको पहाडी जिल्ला हो । यो राजधानी काठमाण्डौंबाट ८६ की.मी. को दुरीमा रहेको छ । मिश्रीत जातजाती भएको यस जिल्लामा ४० प्रतिशत भन्दा बढी तमाङ जातीहरु बसोबास गर्दछन् । खेतीपाती यहाँका बासिन्दाको मुख्य जिविकाको आधार हो । कूल ६०,४५२ मध्ये ५७,६४९ (९५.३६%) घरपरिवार खेती र पशुपालनमा संलग्न छन् । यसबाहेक ज्याला, वनीवुतो, मजदुरीको रुपमा भारतमा काम गर्न जाने साथै अस्थायी व्यापार पनि यहाँका बासिन्दाको बाँच्ने आधारको रुपमा रहेको छ । जिल्ला विकास समिति, सिन्धुपाल्चोकले तयार पारेको जिल्ला पार्श्वचित्र २०५८ अनुसार ३ देखि ९ महिना सम्म खाद्यान्न अपुग हुनेमा ५६% घरपरिवार रहेका छन् । यहाँनेरी प्रश्न उठ्छ, झण्डै सतप्रतिशत खेतीपाती र पशुपालनमा जुटेर पनि आधा भन्दा बढी परिवारमा किन खाद्यान्न अभाव भईरहेको छ ? किन जिल्लाको सामाजिक तथा आर्थिक उन्नतिमा सन्तोष गर्नसक्ने स्थिति समेत छैन ? यी सवालको कारण वा उत्तर विभिन्न होलान तर यसको मूख्य चुरो भने जिल्लामा रहेको गुठी तथा मोहियानी समस्या रहेको कुरामा कसैको विमती छैन ।

जिल्लाको भूमि व्यवस्थाको पृष्ठभूमिलाई नियाल्दा राणा शासक र उनका पिछलग्गुको ठूलो रजगज देखिन्छ र त्यसकै अवशेषको रुपमा यहाँको भूमि व्यवस्था अहिले पनि संचालित छ । जिल्लामा तल्सिङको नाममा रहेको जमिन कमाउने करिब १० हजार परिवार रहेका छन् । तर यी किसानले मोहियानी हक पाउन सकेका छैनन् । भूमिसुधार कार्यालयमा ८७८९ मोही किसानको लगत रहेको छ । यी मध्ये ९० प्रतिशतले नापीको समयमा स्रेस्तामा मोही कायम गरेका छैनन् । स्रेस्तामा मोहियानी कायम नभई आधा जग्गा पाउनसक्ने अवस्था छैन । नापीको समयमा अस्थायी निस्सा पाएका र पछि मोहियानी हक पाएका मोही मध्ये पनि धेरैले आधा जग्गाको स्वामित्व प्राप्त गर्न सकेका छैनन् ।

गुठी समस्या अर्को ठूलो समस्या हो । रैकर जग्गासमेत गुठीको नाममा नापिएका घटना पाइएका छन् । कतिपय गुठी जग्गा नापी हुन बाँकी छ । गुठी जग्गाका रेकर्ड छैनन् र भएका पनि व्यवस्थित छैनन् । गुठी भनी नामाकरण भएका जग्गाको गुठी संस्थानमा अभिलेख छैन, साथै गुठीको प्रकृति किटानी भएको देखिँदैन । जोताहा किसानसँग बीचका पुजारीले अधियाँसरह कुत लिन्छन् । उनीहरुमध्ये कति त गुठी संस्थानमा दर्ता वा नवीकरण नभएका पनि छन् ।

जग्गावाल वा गुठी जग्गाको मोहियानी हक दावी गर्न चाहिने आवश्यक निस्सा लिनेहरु एकथरी छन् । तर जग्गा भने अर्कैले कमाइरहेको समस्या पनि रहेको छ । आफू खेती नगरी बीचमा बसेर कुत खाने तर मोहियानी हकको दाबेदारचाहिँ आफू बन्ने जस्ता प्रवृत्ति पनि यदाकदा देखिएको छ । जसलाई गाउँमा सोही प्रथा अर्थात मोहीको पनि मोहीको रुपमा चिनिन्छ ।

भूमिहीनता, रैकर जग्गालाई गुठीमा नापीदिने जस्ता समस्या पनि रहेका छन् । मोहीहरुको समस्या समाधानका लागि कर्मचारीबाट

सहयोग लिनलाई कठिनाईका साथै प्रक्रिया एकदमै लामो र झन्झटिलो छ । गुठीको जग्गा कमाई आएका कतिपय किसानले कानुनी रुपमा जग्गा दर्ता गरी प्रमाण पुर्जा पाउने अवस्था रहेको भए पनि पूर्जा पाउन सकेका छैनन् । वक्यौता महँगो भएकोले रैतानी गराउन समस्या देखिएको छ ।

यस्तो समस्याबाट मुक्ति पाउन जिल्लाका पीडित जोताहा किसानले निकै अगाडिदेखि विभिन्न समयमा विभिन्न प्रकारका संघर्ष गर्दै आईरहेका छन् । समस्याको आधारभूत अध्ययन गर्ने, यसक्रममा पीडितलाई सचेतीकरण र संगठित गर्ने, जोतभोगको आधारमा मोहियानी कायम, गुठी जग्गा रैतानी, भर्पाई नलिई कुत नबुझाउने, जग्गा बाँडफाँड जस्ता अभियानहरु संचालन भईरहेको छ ।

सिन्धुपाल्चोकमा रहेको गुठी तथा मोहियानी समस्या समाधानका लागि संचालित अभियानबाट सफलताका केही संकेत देखिएका छन् । समस्याको प्रकृतीअनुरुप संख्यामा मात्र हेर्दा उपलब्धी निकै कम लागे पनि गुणात्मक परिवर्तन भने निकै आशालाग्दो रहेको छ । तर यत्तिमै सन्तोष गर्न सकिने ठाउँ छैन् ।

सिन्धुपाल्चोकमा रहेको यस्तो प्रकारको समस्या समाधान पीडितको संगठन र प्रभावकारी अभियानविना सम्भव छैन । आफूले जोतभोग गरी रगत पसिना बगाउँदै आएको जमिन आफ्नै स्वामित्वमा लिने की, अरुको दास भएर जग्गा जोतिरहने भनेर जोताहा किसानले बुझ्नुपर्ने भएको छ । संघर्ष नगरी अधिकार प्राप्त गर्न सकिदैन । सामाजिक समुन्नतिको लागि भूमि अधिकार आवश्यक छ । यसको लागि किसानहरुको दरिलो संगठन चाहिन्छ । ढिलो सरकारी प्रक्रियामा सुधार नआए जनता अब प्रतिकारमा उत्रन ढिला गर्न हुन्न । जिल्लाव्यापी रुपमा फैलिएको जोताहा किसानको संगठन, संस्थाहरुको सहजीकरण र विभिन्न पार्टीहरुको सहयोग भइर हेको अवस्थामा उठेको आन्दोलनलाई किनारा लगाउनेतर्फ सम्पूर्ण किसानहरु एकरती पनि किञ्चित नभई लाग्नुपर्दछ । यस कार्यमा अभियानकर्ताको पनि ठूलो भूमिका हुन्छ । ●

# भूमि अधिकार
## अभियानमा महिला सहभागिता

● जुलिया चित्रकार

*महिलाहरुले प्रौढ साक्षरता कक्षामा सिकेका भूमि अधिकार सम्बन्धी ज्ञानहरु परिवारसँग बाँडेर, उनीहरुलाई भूमि अधिकार सम्बन्धी सचेत गराएर, पुरुषहरुलाई आन्दोलनमा सहभागी हुन उत्प्रेरित गरेर, आन्दोलनमा लागेका पुरुषहरुलाई सघाएर र आफै बच्चा बोकी धर्ना जुलुसमा सहभागी भएर समेत आन्दोलनलाई अघि बढाएका थिए ।*

### परिचय

समाजको समग्र विकासको निम्ति हरेक विकास अभियानमा महिलाको सक्रिय सहभागिता महत्वपूर्ण पक्ष हो । जबसम्म महिलाहरु पुरुष सरह समाज विकास अभियानमा संलग्न हुन सक्दैनन् वा गराईदैन तबसम्म यी अभियानहरु सफल हुन सक्दैनन् । यतिखेर नेपालमा विभिन्न अधिकारका सवालहरु उठीरहेका छन जस्तै: महिला अधिकार, जनजाती अधिकार, दलित अधिकार, बाल अधिकार साथै भूमि अधिकार पनि एउटा मुख्य सवाल बन्दै आएको छ । भूमि अधिकारको लागि नागरिक अभियानबारे बहस सुरु भएको छ । अन्य अधिकारमुखी अभियानमा झैं भूमिअधिकार अभियानमा पनि महिलाको सहभागिता कस्तो रह्यो र कस्तो हुँदैछ भन्ने एउटा उठाउनैपर्ने प्रश्न भएको छ ।

### नेपालमा भएका भूमि अधिकार अभियान

भूमिसँग सम्बन्धित सवालहरुबारे विभिन्न आन्दोलनहरु धेरै अगाडिदेखि हुँदै आए तापनि राणा शासनको पतन पछि मात्र संगठित किसान आन्दोलनहरु देखिएको हो । २००९/१० सालतिर भएको किसान आन्दोलनमा किसान नेताहरु मारिएका समेत थिए । थुप्रै आन्दोलन र नागरिक दवाबका कारण तत्कालिन सरकार भूमि र कृषि व्यवस्था सम्बन्धी नीतिनियम परिवर्तन गर्न बाध्य भएको थियो । तर सकारात्मक पक्षहरु व्यवहारमा लागू भने भएन । त्यतिबेला भएका आन्दोलनमा महिला सहभागिता कस्तो थियो भन्ने कुरा अनुसन्धानको विषय हो ।

हालसालैका वर्षमा सिन्धुपाल्चोकमा भएको मोहियानी हक आन्दोलनमा महिलाहरु विभिन्न तहमा सहभागी भएको कुरा आन्दोलनका सहभागीहरुसँगको कुराकानीबाट थाहा भएको छ । महिलाहरुले प्रौढ साक्षरता कक्षामा सिकेका भूमि अधिकार सम्बन्धी ज्ञानहरु परिवारसँग बाँडेर, उनीहरुलाई भूमि अधिकार सम्बन्धी सचेत गराएर, पुरुषहरुलाई आन्दोलनमा सहभागी हुन उत्प्रेरित गरेर, आन्दोलनमा लागेका पुरुषहरुलाई सघाएर र आफैं बच्चा बोकी धर्ना जुलुसमा सहभागी भएर समेत आन्दोलनलाई अघि बढाएका थिए । के ती महिलाहरुको योगदानको उचित मूल्याङ्कन भएको छ ? के आन्दोलनको उपलब्धीको लाभ महिला, पुरुष दुवैले

समान रुपमा पाएका छन् ?

## अधिकारमुखी अभियानमा महिला सहभागिता


संसारमा भएका विभिन्न सफल आन्दोलन र अभियानहरुमा महिलाहरुको सहभागिता रहँदै आएको अध्ययनबाट थाहा हुन्छ । तर अक्सर गरेर पछि गएर उनीहरुको सहभागिता बिर्सने गरिन्छ । उनीहरुको योगदानको कदर गरिदैन । यसले गर्दा महिला अधिकारको कुरा ओझेलमा पर्न जान्छ । यसो हुनुमा समाजमा विद्यमान सामाजिक लिङ्गभेद वा महिला विरोधी संस्कार एवं राज्यनीति जिम्मेवार छ । नेपालको कूल जनसंख्याको आधाभन्दा बढी भाग ओगटेका महिलाहरुको कृषि क्षेत्रमा योगदान पुरुषको तुलनामा बढी छ । कृषि उत्पादनमा महिलाको मूख्य भूमिका र सहभागिता रहेको छ । महिला श्रमशक्तिको ठूलो हिस्सा कृषिमा संलग्न छ । सन् २००१ को तथ्याङ्क अनुसार कृषिमा ८९५ महिला श्रमशक्ति छ । तर कृषि भूमिको ४.४५ स्वामित्व मात्र महिलालाई छ । यसैले भूमि अधिकार सम्बन्धमा महिला निकै पीडित रहँदै आएका छन् । त्यसैले पनि भूमि अधिकार अभियानमा महिलाको सक्रिय सहभागिता बढाउन 'महिलाको भूमि अधिकार' बारे सवाल उठाउन जरुरी छ ।

## भारतको बोधगया आन्दोलनको सिकाईहरू

सन् १९७८ मा भारतको बोधगयामा भूमिहीन तल्लो जातको किसानहरुले जमिन्दार विरुद्ध भूमि माथि आफ्नो अधिकारको लागि आन्दोलन सुरु गरेका थिए । त्यस आन्दोलनबाट उनीहरुले ठूलो सफलता हात पारे । भूमिहीनले जग्गा पाए । त्यतिमात्रै नभएर महिलाको नाममा पनि जग्गा दर्ता भयो । श्रीमान र श्रीमती कै नाममा जग्गा दर्ता गर्न पाए, छोराछोरीलाई छुट्टाछुट्टै युनिटको रुपमा गणना गरियो ।

यस आन्दोलनको सफलताको घटना पछाडि महत्वपूर्ण कारणहरु छन :

- त्यस आन्दोलनले महिलाको व्यापक सहभागिता जुटाउन सक्नु ।



- महिलाहरु निर्भिक भएर संर्घष वा अभियानमा जुट्नु ।
- विभिन्न संघ संस्थाका नारीवादी महिलाहरुले सकारात्मक भूमिका र सहभागिता जनाउनु ।
- महिला-महिला बीचको ऐक्यबद्धता दरो रहनु ।
- भूमिमा महिला अधिकारबारे प्रष्ट भएर समूदायबीच छलफल चलाउन सक्नु र चेतना जगाउनु ।
- महिलाहरु विभिन्न तहमा हुने बहस र छलफलमा सक्रिय सहभागी हुनु ।
- महिलाहरुले अभियान विरोधीहरुलाई समेत सम्झाउने, बुझाउने, र वादविवाद गर्न सक्ने क्षमता हासिल गर्नु ।

## निष्कर्ष

एकातिर भएको महिला सहभागीहरुको योगदान बिर्सने गरिन्छ भने अर्कोतिर भूमि अधिकार अभियानमा महिलाहरुको सक्रिय सहभागीता गराउन नसकेको पनि यर्थाथ हो । भूमि अधिकार अभियान सफल पार्न महिला र पुरुष दुबै अभियानकर्ता हुन जरुरी छ । पुरुष मात्र संगठित भएर पुगेन । महिलाहरु पनि संगठित हुन पऱ्यो । भूमी अधिकार सम्बन्धी वकालत गर्ने तालिममा महिलाको पनि सहभागिता चाहियो । भूमिमा महिला अधिकारको कुरालाई जोडदार रुपमा उठाउनु पऱ्यो । ●

घटना अध्ययन

## प्रमाण नभएपछि

सिन्धुपाल्चोक, बाँसखर्क-४ कि वेलीमाया काललोहार साइँलो दोइको जग्गामा खेती गर्दै आएकी छिन् । उनी र उनको ५ जनाको परिवार २० वर्षदेखि दोइको जमिनमा खेती गरिआएका हुन । ५ पाथी धानको बीउ जाने खेतमा १७ मुरी धान फल्थ्यो । त्यसमध्ये उनले वर्षको ७ मुरीका दरले साहूलाई कुत (धान) बुझाउँदै आएकी थिइन । यसरी उनले २० वर्षमा १४० मुरी धान बुझाइसकेकी छिन । तर यसवापत उनले अहिलेसम्म कुनै पनि भर्पाइ पाएकी छैनन् ।

गाउँमा मोहियानी हकबारे चर्चा चलेपछि वेलीमायाले पनि जग्गावालासँग मोहियानी हक पाउनका लागि मुख फोरिन । तर जग्गावालले सबै जग्गा बेच्छु, तिमी नै किन भन्यो र मख्ख पारेर भर्पाइको कुरा नै ओझेलमा पारिदियो । जग्गा पाइने आशमा उक्त जग्गा किन्न भनी खोजीमेलो गरेर उनले बैनावापत ७ हजार रुपैयाँ साहूलाई बुझाइन । वेलीमाया जसरी पनि सबै रकम चुक्ता गर्ने जमर्को गर्दै थिइन । जग्गावालले भने वेलीमायाले कमाइरहेको उक्त जग्गा अरुलाई नै बेचिदियो । बैनास्वरुप लिएको सात हजारसमेत फिर्ता गरेन ।

२० वर्षसम्म कमाएको खेतमा वेलीमायाले मोहियानी हक पाउन सकेकी छैनन् । ऋण गरेर किन्ने धोको पनि पूरा भएन । गाउँका जान्ने भन्नेहरु जग्गाधनीकै पक्षमा लागेर मोहियानी हकसमेत नपाएकाले जग्गा छोड्नुपर्छ भन्छन् । जग्गा छोडे बस्ने ठाउँ छैन, नयाँ जग्गावालले जग्गा छोड भन्यो भने के गर्ने होला ? वेलीमाया दुखेसो पोख्छिन् । मोहियानी नलाग्ने व्यवस्थाबाट वेलीमाया जस्तै हजारौं परिवार मर्कामा परेका छन् ।

– गुठी तथा मोहियानी सरोकार समिति

# भूमिमा महिला स्वामित्व किन ?

• चेली गुरुङ र गीता पण्डित

महिला र पुरुष एक रथका दुइ पाङग्रा भनिए तापनि व्यवहारमा महिलालाई समान रुपमा हेर्ने गरेको पाईदैन । व्यवहारमा महिलाको स्थान पुरुषसरह बराबरी नहुनु बिडम्वनाको कुरा हो । महिला हकहितका बारेमा विभिन्न समयमा पहिले पनि कुरा उठेका थिए, वर्तमानमा पनि उठिरहेका छन् र भविष्यमा पनि उठने छन् तर यसलाई व्यवहारमा उतार्न भने सकिएको छैन् ।

घरायसी कामकाजमा अल्झिनु, त्यसभन्दा बाहिर सोच्ने र क्षमता अनुसार कार्य गर्ने वातावरण नपाउनु महिला पछि पर्नुका मूख्य कारण हुन । एउटै घरमा पनि छोराछोरीलाई बेग्लाबेग्लै कार्यभार र त्यसै अनुरुप नैतिक शिक्षा देखि लिएर भिन्न-भिन्न खालको वातावरण प्रदान गरिएको हुन्छ । महिलालाई बाहिरी वातावरणमा प्रवेश गर्दाको समयसम्ममा परिवारले उसलाई एक प्रकारले अपाङ्ग सरह बनाएको हुन्छ, जसले गर्दा आफूलाई सक्षम र सुरक्षित महसुस गर्न नसकि बाध्यतावस अरुको साहारामा बाँच्नुपर्ने स्थिति सिर्जना हुन्छ । त्यसैले महिलालाई सक्षम बनाउने हो भने स्वयं महिला र उसको परिवारले यसबारे सोच्नु जरुरी हुन्छ ।

समाजमा महिलालाई घरायसी कामकाज र बच्चा जन्माउने मेशिनको रुपमा हेर्नु, विभिन्न सामाजिक क्रियाकलापहरुमा समावेश नगराइनु, सामाजिक मूल्य-मान्यता र सम्मानमा फरक हुनु, महिला माथि गरिएको अन्याय हो । यसो हुनुको प्रमुख तत्वहरु समाज, त्यस समाजमा रहने व्यक्ति, तिनीहरुले चलाएका चलनचल्ती आदि जिम्मेवार छन् । परिवर्तनशील समयानुसार समाजमा रहेका यी कुरितीलाई पनि परिमार्जित गर्दै लैजानुपर्छ ।

महिला हक अधिकारको कुरा उठाउँदा महिला स्वयं आफ्नै खुट्टामा उभिन सक्ने उपयुक्त वातावरण छ/छैन हेरिनु आवश्यक हुन्छ । व्यक्ति स्वयं सक्षम भएमा कुनै पनि कुरा प्राप्त गर्न कठिनाई पर्दैन । यसको लागि उत्पादनको स्रोत भूमिमा महिलाको स्वामित्व भए/नभएको कुराले प्रमुख भूमिका निर्वाह गर्दछ ।

भूमिमा महिला स्वामित्वको कुरा गर्दा पुरुषको तुलनामा महिलाको स्थान नगण्य नै छ । कृषि उत्पादनका सम्पूर्ण प्रक्रियामा महिलाको महत्वपूर्ण भूमिका रहेको भए पनि महिलाको पहुँच भने नगन्य रहेको छ । वर्षौदेखि आफुले जोतभोग गरी आएको जमिनमा पनि स्वामित्व नहुनु महिला माथि गरिएको असमान व्यवहार हो । यद्दपि महिलाले कृषि कार्यमा सम्पूर्ण श्रम लगाउँदा पनि उनलाई उचित ज्याला, समान व्यवहार गरेको पाइदैन । यसबाहेक महिलालाई सामाजिक, राजनीतिक क्षेत्रमा पनि हेयको दृष्टिकोणले हेरेको पाइन्छ । समाजमा रहेको यस्ता विकृती नहटाएसम्म महिलाहरुमाथि भएका अन्यायलाई कम गर्न सम्भव छैन ।


*समाजमा महिलालाई घरायसी कामकाज र बच्चा जन्माउने मेशिनको रूपमा हेर्नु, विभिन्न सामाजिक क्रियाकलापहरूमा समावेश नगराउनु, सामाजिक मूल्यमान्यता र सम्मानमा फरक हुनु, महिलामाथि गरिएको अन्याय हो । यसो हुनुको प्रमुख तत्वहरू समाज, त्यस समाजमा रहने व्यक्ति, तिनीहरूले चलाएका चलनचल्ती आदि पक्ष जिम्मेवार छन् ।*

महिलाले पुरुषको तुलनामा घरायसी कामकाजमा व्यस्त रहनुपर्ने, कृषिकार्यमा बढी समय दिनुपर्ने भएकोले बाह्य वातावरणको बारेमा बुझ्ने मौका पाएका हुँदैनन् । सीमित घेरामा बाँधिनुपर्ने बाध्यता र आफ्नै सीप, शिक्षा, रोजगारको लागि मौका र कमाई गर्नको लागि पनि उनीसँग प्रयाप्त समय हुँदैन । महिलाको भूमि माथि स्वामित्व भएमा मात्र पनि उनको पारिवारिक जीवनस्तरमा असर पार्दछ । जमिनमा स्वामित्व हुनाले महिलाले समग्र निर्णय प्रक्रियामा भाग लिन सक्छन् । आर्थिक अधिकार पाएपछि शिक्षा, स्वास्थ्य र अन्य अवसर लिन पनि सहज हुन्छ । परिवारिक र सामाजिक सम्मानमा वृद्धि हुन्छ ।

नेपालको जनसंख्या वृद्धि ज्यामितीय ढंगबाट भइरहेको हुनाले प्रतिव्यक्ति जनघनत्व १५७ वर्ग की.मी. पर्न आउँछ । भएका सीमित कृषि उत्पादनको श्रोत र साधन पनि उपयुक्त ढंगबाट प्रयोगमा ल्याइएको छैन । यसले कृषि उत्पादनमा ह्रास आउनुका साथै देशको जनसंख्यालाई थाम्न नसक्ने स्थिति पैदा भएको छ । यसबाट देशले गम्भीर चुनौतीको सामना गर्नु परिरहेको छ । त्यसैले कृषि उत्पादनमा वृद्धि गर्न, राष्ट्रको आर्थिक अवस्थामा वृद्धि गर्न र कृषि उत्पादकत्वमा वृद्धि गर्नका लागि भूमिमा महिलाको पहुँच हुनु अति नै आवश्यक छ । महिला, पुरुष समानताका लागि महिलाको भूमिमाथि अधिकारलाई राष्ट्रिय रुपमा मान्यता दिनुपर्छ । •

## भूमि अधिकार विषयमा अध्ययन

भूमि अधिकार विषयमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले तयार पारेको प्रतिवेदन माथि विभिन्न सरकारी, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था र सामाजिक आन्दोलनका लागि कार्यरत संस्थाका प्रतिनिधीको उपस्थितिमा अन्तर्क्रियात्मक छलफल कार्यक्रम सम्पन्न भयो ।



ललितपुरमा सम्पन्न सो कार्यक्रममा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सह-सचिव भरतमणि रिसाल, भूमिसुधार तथा व्यवस्था विभागका निर्देशक मानकुमार श्रेष्ठ, अनौपचरिक क्षेत्र सेवा केन्द्र ईन्सेकका महासचिव सुवोधराज प्याकुरेल, राष्ट्रिय दलित आयोगका सदस्य दिपकसिंह विश्वकर्मा, गरिबमुखी शासनतर्फ नेपालकी बन्दना रिसाल, एक्सनएडका हिम प्रसाद सेंढाई, हेल्भटासका अधिर शर्मा लगायतका वक्ताहरुले भूमि अधिकारका केही सवाललाई प्राथामिकतामा राखी कार्यान्वयनमा जानुपर्ने कुरामा जोड दिनुभयो ।

अध्ययन गरिएका ११ जिल्लाका २२ गाविसका ३२,८५५ परिवारमा घरसमेत उभ्याउने जमिन नभएका ३८०५ *(११.५८%)* र घडेरी भएका तर खेती गर्ने जमिन नभएका ४९७९ *(१५.१५%)* र जम्मा कृषि भूमिहीनको संख्या ८७८४ *(२६.७३%)* परिवार रहेका छन् । यसमध्ये ५४९६ *(१६.७२%)* परिवार अरुको जग्गा कमाईरहेका र यसको आधाभन्दा बढी संख्या वेदर्तावाल रहेको अध्ययनले देखाएको छ । कार्यक्रमका वक्ताहरुले भूमि अधिकारप्रति सबैको चासो जगाउनुपर्ने र यो अधिकारविना गरिबी निवारण हुनै नसक्ने भएकोले यसलाई गरिबी निवारण कार्यक्रमको मुख्य सवालको रुपमा अघि सार्नुपर्ने धारणा व्यक्त गरेका थिए ।

प्रतिवेदनमा भूमि अधिकारका विभिन्न ११ वटा सवाल, त्यसको समाधानको लागि गर्नुपर्ने अल्पकालिन तथा दिर्घकालिन कार्य र जिम्मेवार निकाय समेत किटानी गरिएको छ । अध्ययनका लागि गरिबमुखी शासनतर्फ नेपालले आर्थिक सहयोग गरेको थियो ।

## विद्यमान ऐनमा मोहीको अवस्थाबारे तालिम

आत्मनिर्भर विकास मञ्च, पर्वतको आयोजनामा २०५९ सालको चैत २४ र २५ (अप्रिल ७ र ८,२००३) मा विद्यमान ऐनमा मोहीको अवस्था विषयक २ दिने अर्न्तक्रियात्मक छलफल सम्पन्न भयो । कार्यक्रममा ३ गाविसका ६ महिला, १० पुरुष गरी १६ जना र कर्मचारी २ जना समेत १८ जनाको सहभागिता थियो ।

छलफल कार्यक्रममा ती गाविसका समस्या, समस्यासँग सम्बन्धित ऐन तथा कानूनी जानकारी, भूमि अधिकार र यसको महत्व, भूमि अधिकार अभियान किन र कसरी ? जस्ता विषयमा सरल छलफल गरी अधिकारका लागि गर्नैपर्ने केही कामको योजना बनाइएका छन् ।


छलफलको क्रममा समस्याको रुपमा आफू बसोबास गरिआएको जग्गा दर्ता नभएको, मोहियानी हक नपाएको हलिया प्रथा आदि मुख्य रुपमा देखिएका थिए । समस्याको समाधानको लागि भूमि अधिकार अभियानलाई व्यवस्थित ढंगले अगाडि बढाउने सहमति भएको छ । कार्यक्रमको सहजीकरणमा भूमि अधिकारका लागि क्रियाशील संस्था, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोग पुऱ्याएको थियो ।

## विशेष अभियानको समिक्षा

सिन्धुपाल्चोकमा संचालित विशेष अभियान कार्यक्रमको फेब्रुअरी २ र ३ मा समिक्षात्मक छलफल सम्पन्न भयो । उक्त समिक्षा कार्यक्रममा ग्रामीण विकास समाज, सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च, गुठी तथा मोहियानी सरोकार समिति र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र गरी चारवटा संस्थाका १४ जना सहभागी थिए । कार्यक्रममा संचालित अभियानको समिक्षा गरी त्यसका उपलब्धी, सिकाई र समस्या आदिको अभिलेखन गर्नुका साथै अभियानको योजनाबारे भनी खाका तयार पारिएको थियो ।

## क्षेत्रीय कार्यशाला गोष्ठी

बाँकेको कोहलपुरमा यही चैत १५ देखि १७ सम्म (२९-३१ मार्च, २००३) ३ दिने भूमि अधिकारका लागि नागरिक अभियान विषयक क्षेत्रीय गोष्ठी सम्पन्न भयो । गोष्ठीमा सुदुर तथा मध्यपश्चिम क्षेत्रबाट ७ जिल्लाका २६ जना सहभागी थिए । गोष्ठीमा ती दुवै क्षेत्रको भूमि अधिकारका सवाल र त्यसको समाधानको विषयमा छलफल भएको थियो । विभिन्न जिल्लाको भूमि अधिकारका सवालको



पहिचान र आदानप्रदान तथा विषय अनुसारका सहजकर्ताको उपलब्धताका कारण छलफललाई उपयोगी बनाउन सकिएको थियो ।

उपस्थित सहभागीले सामाजिक समुन्नतिको लागि भूमि अधिकार महत्वपूर्ण भएको निश्कर्ष निकाल्दै सो अधिकार प्राप्तिका क्षेत्रमा अभियानलाई अगाडि बढाउन संस्थागत तथा सामूहिक कार्ययोजना तयार गरेका छन् । कार्ययोजनाको अनुगमनको समेत जिम्मेवारी उनीहरुलाई तोकिएको छ । एक्सनएड नेपाल, यूनेस्को बाँके र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा संयुक्त रुपमा आयोजित उक्त गोष्ठीको अन्तिम दिन वकालतीय कार्यको अनुगमन तथा मूल्याङ्कनका विधीहरुको विषयमा समेत छलफल चलाईएको थियो ।

## भूमि अधिकारका लागि वकालत तालिम

भूमि अधिकार अभियानकर्मीको क्षमता अभिवृद्धि गर्न अभियानकर्ताका लागि वकालत तालिम वैशाख १९, २० र २१ गतेका दिन सम्पन्न भएको छ । तालिममा ४ महिला र १२ पुरुष गरी १६ जनाको सहभागिता थियो । तालिमको उद्देश्य अनुरुप जिल्लाको भूमि अधिकारका सवालसँग सम्बन्धित कानूनी व्यवस्थाबारे छलफल तथा अन्तर्क्रिया गरिनुका साथै यसबाट अभियानका क्रममा आएका समस्याको समाधानका नयाँ बाटाहरु पहिल्याउने कार्य भयो । जिल्लाको भूमि अधिकारका मुल मुद्दा पहिचान भई प्रभावकारी दवाव सिर्जनाका सम्बन्धमा छलफल गरी उपयुक्त रणनीति तयका साथै जिल्लास्तरको संयुक्त कार्ययोजना बनाईएको छ । सहभागीमुलक समिक्षा तथा मनन प्रक्रियाको बारेमा जानकारी आदान-प्रदान यसको अर्को महत्वपूर्ण उपलब्धीको रुपमा लिन सकिन्छ ।

## सरकारी निकायबीच अन्तर्क्रिया कार्यक्रम

अभियान अर्न्तगत जिल्ला मालपोत र भूमिसुधार कार्यालयमा पेस भएका निवेदनहरुको टुङ्गो लगाउन आवश्यक छलफल गर्ने उद्देश्यले जिल्ला सदरमुकाम चौतारामा १ दिने अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा मालपोत, भूमिसुधार र नापी शाखाका कर्मचारी, विभिन्न गाविसका किसान र अभियानकर्मी समेत ५२ जनाको उपस्थिति थियो ।




## जनवकालतीय कार्यमुलक अनुसन्धान गोष्ठी

सामाजिक रुपान्तरणको लागि संचालित विभिन्न सामाजिक आन्दोलनको अनुगमन तथा मूल्याङ्कनको लचिलो प्रक्रिया र औजारहरुको अभाव देखिन्छ । यसै सर्न्दभमा यस विषयमा खोजिनीतिको लागि नेपालमा पनि एक्सनएड नेपालले भूमि अधिकार र दलितको सवालमा साझेदार संस्थाहरुसँग मिलेर सामूहिक जनवकालतीय कार्यको कार्यमूलक अध्ययन गरिरहेको छ ।

यस क्रममा केही औजारको विषयमा अभ्यास गर्न ३, ४ जुन-२००३ (२०६० साल जेष्ठ २० र २१ गते) का दिन सिन्धुपाल्चोकको हेलम्बु गाविस वडा नं ६ स्थित मेलम्चीघ्याङमा जनवकालतीय कार्यमूलक अनुसन्धान गोष्ठी सम्पन्न भयो । गोष्ठीमा भूमि अधिकारका लागि कार्यरत अभियानकर्ता, सहयोगी, सहयोगी संस्थाका प्रतिनिधी समेत ५ महिला र १९ पुरुष गरी २४ जनाको सहभागीता थियो ।

## भूमिसुधार मन्त्रालयमा डेलीगेशन

तौथली गाविसको समस्या समाधान गर्न ढिलाई गरिएकोले पीडित किसानको पक्षमा तदारुकताका साथ काम गर्न दवाव दिन तौथली गाविस बाट ९ जनाको प्रतिनिधिमण्डल भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा गई सह-सचिव एवं जग्गा फाँटका कर्मचारीहरु बीच छलफल गरियो ।

सो अवसरमा ज्ञापनपत्र समेत पेश गरिएको छ । जग्गा दर्ताको काम मालपोतले गर्ने भएकोले सरल रुपले समयमा नै गरी पूर्जा दिन आवश्यक निर्देशन जिल्ला मालपोत कार्यलय, सिन्धुपाल्चोकलाई दिएको छ । यस पछि पनि कामको गतिमा भने फरक आएको छैन ।

## गुठी जग्गा रैतानी अभियान

तौथली पुरै गुठीको जग्गा मात्रै भएको गा.वि.स. हो । यस गाविसमा कुल १२ सय घरपरिवार रहेको छ तर यी कसैको पनि जग्गाधनी पूर्जा छैन । उक्त गुठी जग्गा किसान (भोगकर्ता) कै नाममा रैतानी गराई लालपूर्जा लिनको लागि निरन्तर अभियान सञ्चालन भईरहेको छ । यस अभियान अन्तर्गत ८ सयवटा निवेदन तयार भएका छन भने ४८२ वटा मालपोत कार्यालयमा पेस गरिएको छ । यीमध्ये केहीको सूचना प्रकाशित भई सर्जमिन समेत गरिसकिएको छ । समस्याको समाधानको लागि ग्रामीण विकास समाजको संयोजनमा क्षेत्रीय समिति, गाविस स्तरको समिति, पीडित किसान र अभियानकर्ता निरन्तर रुपमा क्रियाशील छन् ।

## रैकर जग्गामा मोहियानी कायम अभियान

गाती गाविसका १३४ परिवारले पूस्तौंदेखि अरुको जग्गा जोतिरहेका भएपनि मोहियानी हक पाउन सकेका छैनन् । केही समयदेखि उनीहरुबीच हक प्राप्ति अभियान जारी छ । यस अन्तर्गत प्रेमबहादुर

श्रेष्ठको अध्यक्षतामा समिति गठन भई नियमित रुपमा भेला, बैठक, प्रमाणहरुको खोजी र भर्पाइ लिने आदि कार्य भइरहेका छन् ।


## प्रधानमन्त्री समक्ष ७ सुत्रीय माग

गरिबीको मूल कारक तत्वको रुपमा रहेको गुठी तथा मोहियानी समस्या समाधानको लागि समयमै प्रभावकारी कदम अगाडि बढाउन जोताहा किसानले सरकारसँग माग गरेका छन् । गुठी तथा मोहियानी अधिकार अभियान जिल्ला समिति सिन्धुपाल्चोकले असार ८ गते प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री समक्ष पेश गरेको ज्ञापन-पत्रमा राखिएको सात सुत्रीय माग पुरा नभए किसानहरु आन्दोलनमा उत्रन बाध्य हुने बताइएको छ ।

गुठी जग्गामा मोहियानी हकका लागि २०४९ सालदेखि पेस भएका निवेदनको कार्बाहीका लागि गठित समितिको प्रतिवेदन कार्यान्वयन हुनुपर्ने, मेलम्ची आयोजनाले अधिकरण गरेका माहाँकाल र हेलम्बुको गुठी जग्गाको मुआब्जा जोताहालाई दिनुपर्ने, नवलपुरको रणनैनेश्वर गुठी लगायतका ब्लकमा नापिएका जग्गाहरु भोग अनुसार कित्ताकाट गरी पूर्जा दिनुपर्ने, तौथली लगायत फिल्डबुकमा नाम जनिएका किसानहरुको हकमा भोगकर्ताको नाममा जग्गा दर्ता गर्नुपर्ने, गुठी जग्गाको वक्यौता मिनाहा गर्नुपर्ने, जोतभोगको आधारमा मोहियानी हकका लागि अधिकार सम्पन्न समिति निर्माण गर्नुपर्ने मुख्य मागहरु रहेका छन् ।

सिन्धुपाल्चोकमा कूल ६०,४५८ घरधुरीमध्ये २७ हजार गुठी र ८ हजार तल्सिङको जग्गा जोतभोग गर्छन् । जिल्लाको यस जटिल समस्या समाधानको लागि पीडित किसानहरुले सामुदायिक अभियानहरु सञ्चालन गरिरहेका छन् ।

जिल्ला समितिले यस अभियानमा सबैको सहयोगको अपेक्षा राखेको छ । हामीले कानूनी रुपमै समस्याको समाधान खोजिरहेका छौं । यसलाई गम्भीरतापूर्वक नलिए किसानको धैर्यताको बाँध टुट्न सक्छ । खेतीपातीको व्यस्त समयमा हामी बाध्यतापूर्वक सम्बन्धित निकायको ध्यानाकर्षण गर्न यो कार्यक्रम सञ्चालन गरिरहेका छौ । ज्ञापनपत्र पेस पछि आयोजित पत्रकार सम्मेलनमा वितरित प्रेश विज्ञप्तीमा भनिएको छ ।



## ७ सुत्रीय माग

१. सिन्धुपाल्चोक जिल्लाको राजगुठी अन्तर्गतका जग्गाहरु नापी हुँदा जग्गाधनी महलमा सम्बन्धित गुठीको नाउँ उल्लेख भई मोही महल खाली रही विरह तथा किसिम कायम भएको जग्गा दर्ता गरी मोही कायम गरी पाउँ भनि विभिन्न व्यक्तिहरुले जिल्ला मालपोत कार्यालयमा २०४९ सालदेखिनै निवेदन दिइएको छ ।

   लामो प्रयासपछि यस समस्या समाधानको लागि जिल्ला मालपोत कार्यालय सिन्धुपाल्चोक, गुठी संस्थान केन्द्रीय कार्यालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको पहलमा गुठी संस्थानको द्वितीय श्रेणीका अधिकृत प्रेमहरि ढकालको संयोजकत्वमा गठित समितिको प्रतिवेदन(२०५९।११।९ मा पेस गरिएको) यथाशिघ्र कार्यान्वयन गरिनुपर्ने ।

२. महाँकाल गाविस वडा नं. ९ को कि.नं. ११८, १२१, १२२, १२३, १२४, १४९, १५१, १५२, १५३, १५५, १५६, १७१, १७२, १७५, १७६, १७७, १७९, १८० को गोसाइकुण्ड निलकण्ठ गुठी र तिम्बुच्याङ्गुल वडा नं. १ कि. नं. ११०७, ११०९, १११०, ११११ ककनी च्याङ्गरेसी गुठीको जग्गा मेलम्ची खानेपानी आयोजनाले अधिग्रहण गरेकोले ती जग्गा जोताहाको नाममा दर्ता गरी मुआब्जा तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने ।

३. रणनैनेश्वर महादेव गुठी साविक बाँडेगाउँको करिब दुई हजार रोपनी जग्गा ब्लकमा नै नापी भएको र सो जग्गा भोग अनुसार कित्ताकाट गरी आ-आफ्नो नाउँमा दर्ता गरी पाउँ भनि १२० जनाको निवेदन परेको छ । उक्त जग्गा यथाशिघ्र भोग अनुसार कित्ताकाट गरी जग्गाधनी पूर्जा उपलब्ध गराउनु पर्ने ।

४. जग्गा दर्ता सम्बन्धी समस्या भएका तौथली गाविस (साविक गोलाङ्खोला) अन्तर्गत १७०७ कित्ता लगायत राम्चे, लिसंखु आदि गाविसका जग्गामा फिल्डबुकमा व्यक्तिको नाम उल्लेख नभई नापनक्सा गरिएकोले सम्बन्धित भोगकर्ताको नाममा जग्गा दर्ता गरी पूर्जा पाउन पेस भएका निवेदन उपर कार्बाही अगाडि बढाई भोग अनुसार पूर्जा उपलब्ध गराउनु पर्ने ।

५. भूमिसुधार कार्यालयमा ८७८९ मोही किसानको लगत रहेको छ । जसमध्ये ९० प्रतिशतले स्रेस्तामा मोही कायम गरेका छैनन् । स्रेस्तामा मोहियानी कायम नभई आधा जग्गा पाउन सक्ने अवस्था छैन । तसर्थ अनुसूची भएका मोहीहरुलाई वडा मुचुल्का र गाविस सिफारिसको आधारमा सरल तरिकाले स्रेस्तामा मोहियानी कायम गरिदिनु पर्ने ।

६. सिन्धुपाल्चोकको गुठी समस्याको प्रकृति ठूलो भएको र समस्याको विभिन्न स्वरुप भएकोले समस्या समाधानको लागि विशेष अधिकार प्राप्त समिति गठन गर्नु पर्ने ।

७. पुस्तौंदेखि जोतखन गर्द आएको जमिनमा जोतभोगको आधारमा मोहियानी हक प्रदान गर्न भूमि सम्बन्धी ऐनको दफा ३०, ५२ र नियमावलीको दफा ४१ (क) वमोजिमको समिति गठन गर्नु पर्ने ।

## अभियान सहयोगीलाई तालिम

ग्रामिण विकास समाजको आयोजनामा १२ जना अभियान सहयोगीलाई २ दिने तालिम बाह्रबिसेमा सम्पन्न भयो । तालिममा अभियानको औचित्य र महत्व, निवेदन पेसको लागि तयार पारिएको फाराम भर्ने तरिका, प्रक्रिया पूरा गर्न चाहिने कागजात आदिका विषयमा छलफल गरिएको थियो । सहभागीले कार्यक्रमको निरन्तरता हुनपर्ने बताउँदै अभियानलाई सफलतामा टुङ्ग्याउन इमान्दारीपूर्वक सहयोग गर्ने प्रतिबद्धता प्राप्त भएको छ ।

## नवलपुरको जग्गा नापी अभियान

नवलपुर गाविस वडा नं. ४ का १२१ घरपविारले कमाईरहेको २००१ रोपनी जग्गा किसानको नाममा दर्ता गरी पूर्जा लिनको लागि अभियान संचालन भईरहेको छ । भोगकर्ताको नाममा नापीका लागि निवेदन पेसका साथै यसक्रममा पटक-पटक सम्बन्धित निकायमा दवाव दिने काम भएको भूमि अधिकार समिति, नवलपुर, क्षेत्रीय समिति र सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चले जनाएको छ । आवश्यक प्रक्रिया सबै पुरा भइसकेको भएपनि वर्षातको कारण नापीको काम असोज वा कार्तिकमा गरिने बताईएको छ ।

## अभियानकर्ताको लागि तालीम

सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं २ अन्तर्गतका अभियानकर्मी तथा क्षेत्रीय समितिका पदाधिकारीहरुलाई ७ र ८, असारमा २ दिने भूमि अधिकार तालिम चौतारामा संचालन गरियो । कार्यक्रममा उक्त क्षेत्रको मूख्य सवालमा आधारित भएर कानूनी जानकारी, भूमि अधिकारको महत्व र अभियानमा विभिन्न पक्षको भूमिकाको बारेमा छलफल गरी ३ महिनाको कार्ययोजना तयार गरिएको छ । कार्यक्रममा २ महिला सहित १५ जनाको सहभागिता थियो । कार्यक्रममा मधुसुदन सापकोटा, हरि तिमल्सिना, वुजुङ लामा र जगत देउजाले सहजीकरण गर्नुभएको थियो । तालिमको आयोजना सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्चले गरेको थियो ।

## गुठी जग्गामा मोहियानी कायम अभियान

वर्षौंदेखि गुठीको जग्गा जोतिरहेका किसानहरुले मोहियानी हकका लागि जारी राखेको अभियान अन्तर्गत यस अवधिमा सरकारी समस्या छानविन समितिको बैठकमा सहभागी भइ प्रतिवेदन तयार गर्ने काम भयो । सो प्रतिवेदनका सम्बन्धमा कार्बाही अगाडि बढाउन २ पटक गुठी संस्थानमा प्रतिनीधिमण्डल गईएको छ । यस अर्न्तगत २५० घरपरिवारका जोताहा परिवारले ५२१ कित्तामा जोतभोगको आधारमा मोहियानी हक पाउन निरन्तर दवाब सिर्जना गरिरहेका छन् ।

## भूमि अधिकारका लागि अन्तर्क्रिया

भूमि अधिकारको लागि नागरिक अभियान विषयमा महोत्तरीको बर्दिबासमा फागुन २ गते खुला अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । अन्तर्क्रियामा १ सय ५४ जनाको सहभागिता थियो ।

## अभियानकर्ताका लागि भूमि अधिकार तालिम

गएको चैत २१ देखि २३ गतेसम्म महोत्तरीको बर्दिबासमा 'अभियानकर्ताको लागि भूमि अधिकार' विषयक ३ दिने तालिम सम्पन्न भयो । तालिममा बर्दिबास, गौरीबास, खयरमारा र माईस्थान गरी ४ गाविसका मुसहर, दलित, महिला तथा अन्य भूमि अधिकारबाट बञ्चित ६ महिला र २३ पुरुष गरी २९ जनाको सहभागिता थियो । तालिमको मूख्य उद्देश्य भूमि अधिकारका लागि पीडितहरुबाटै अभियानकर्ता तयार गर्नु रहेको थियो ।

तालिममा ती गाविसका मुख्य समस्याको रुपमा रहेको जग्गा दर्ता छुट तथा भूमिहीनताको सम्बन्धमा विद्यमान कानुनी व्यवस्था र अधिकारको पाटोलाई जोड्दै छलफल चलाईएको छ । यस बाहेक भूमि अधिकारको महत्व, अधिकारमुखी कार्य प्रक्रिया, अभियान संचालन गर्दा ध्यान दिनुपर्ने कुरा र अभियानकर्ताहरुको प्रतिवद्धता संकलन र कार्ययोजना निर्माण गरिएको छ । तालिमको आयोजना चुरे जलाधार व्यवस्थापन आयोजनाको सहयोगमा महिला सहयोगात्मक समाजले गरेको थियो । तालिमको सहजिकरणमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोग पुऱ्याएको थियो ।

कविता

## किसानको समस्या

कानूनमा छैन उपाय राम्रो
को भन्न सक्छ बबुरा दुःख पीर हाम्रो ।
प्रमाण लाग्दैन उ जोत्नेको
थन्किन्छ माग तल त्यो बीच रोक्नेको ।

मालपोतमा माल दिए छ काम
दिदैन जसले दुःख भो तमाम ।
ऊ कामदार पनि सेवक माथिकै छ ।
ज्यामी, किसान दलको बह बुझ्ने को छ ।

गुठी : उठिबास अझै भएन
पुर्खौलीको पाप पखालिएन ।
पर्खाल अग्ला घर गोठ ठूलाका
घडेरी नै छैन कति हलिका ।

मूर्ति जती बिक्री गए विदेश
पूजा र बाजा सब व्यर्थ नै छ ।
नापीन्छ षड्यन्त्र भरेर खेश्रा
थापिन्छ अङ्को नक्कली छ श्रेस्ता ।

नीति र निर्माण कता-कता हो
हल्ला र खल्ला किन व्यर्थ हो यो ।
कानून निर्माण भएर आओस
किसानले जोत भरेर पाओस ।

किसान ज्यामी श्रमका सितारा
श्रद्धा र सेवा श्रमका पियारा ।
जागेर आफ्नु गर संघ सारा
किसानका सान उचाल प्यारा ।

- जगन्नाथ आचार्य, सिन्धुपाल्चोक

# जग्गा चाहिन्छ ? भनेर कसैले सोधेनन्

● शोभा लक्ष्मी जोशी, युनेस्को, बाँके

"कसैले चर्पी तालीम दिए, कसैले कृषि तालिम दिए कसैले धारा जडान गरिदिए तर कसैले पनि जग्गा चाहिन्छ ? भनेर भनेनन् । मुक्त भए पछि बस्नको लागि पहिला त घर चाहिन्छ जसको लागि जग्गा आवश्यक हुन्थ्यो, जग्गा नहुनुले खेतीपाती कहाँ गर्ने र चर्पी बनाउने कहाँ भन्ने तिर उनीहरुको ध्यान गएन । जसले गर्दा यी कार्यक्रमले केही न केही राहत त मिल्यो तर दीर्घकालिन रुपमा हाम्रो हालत सुधिएन" यी विचार मुक्त कमैयाका अगुवा चेतराम चौधरीले प्रजातान्त्रिक ट्रेड यूनियनको आयोजनामा कमैया पुनर्स्थापना समस्या र समाधान विषयक छलफलमा व्यक्त गरेका हुन् ।

२०५७ साल श्रावण २ गते सरकारले कमैयालाई मुक्त भएको घोषणा त गऱ्यो तर गासबासको व्यवस्था भने गरिदिएन । जसले गर्दा साउने झरीमा पनि कमैयाहरु असिना र पानीमा भिजेर बस्न बाध्य भए । कति महिलाले सुत्केरी हुँदासम्म स्याहार-सुसार नपाएर मृत्यु अंगाल्नु पऱ्यो भने कति बालबालिका चिसोको कारणले निमोनिया भई मरे । "हामीहरुलाई यो भन्दा पहिला नै राम्रो थियो जति साहूको गाली कष्ट खाए पनि बिहान बेलुका पेटभरी खान त पाईन्थ्यो । के खाने कहाँ बस्ने ? भन्ने पिर त थिएन । सरकारले हामीलाई मुक्त त गरिदिए तर हामीलाई न जग्गा न वैकल्पिक रोजगारको व्यवस्था गरिदिए । कहाँ बस्ने र के खाने भन्ने कुराले सताएको छ" चेतराम दुःख पोख्छन् । सरकारले सबै कमैयालाई १० कट्ठा जग्गा दिने, घर बनाउनलाई १० हजार रुपैया दिने, ३५ क्यूबिक फिट काठ दिने भन्ने कुरा पनि हालसम्म सबैले नपाएको कारण मुक्त कमैयाहरुमा यो स्थिती आएको हो ।

विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुले मुक्त कमैयालाई लक्षित गरेर विभिन्न कार्यक्रमहरु ल्याए । चामल, जस्तापाता, कम्बल, स्वास्थ्य शिविर जस्ता कार्यक्रमहरु कमैया मुक्ती परिचालन समितिद्वारा वित ा गर्ने कार्य भयो, केही दिनको लागि मात्र राहत पुग्यो, सकियो । संस्थाहरुले मुक्त कमैयाको लागि पहिला अन्य कार्यक्रम भन्दा जग्गाको व्यवस्था गरिदिनुपर्छ भनेर मुक्त कमैयाको तर्फबाट चौधरीले माग राख्नु भएको थियो ।

यतिखेर कमैयाको आफ्नो आन्दोलनको प्रमुख मुद्दा १० कठ्ठा खेतियोग्य जमिन पाउनु पर्ने रहेको छ । उनीहरुको काम गर्ने क्षमता र सिपलाई हेर्दा उक्त मागलाई अन्यथा लिनु पर्ने कुनै कारण छैन । दिगो समस्या समाधानको लागि र उनीहरुको न्यूनतम जिविकाको लागि १० कट्ठाको साथमा परिवार संख्याको आधारमा थप जग्गा दिईनु पर्छ ।

इतिहासलाई हेऱ्यो भने कमैयाहरुले अहिले जुन-जुन जिल्लामा जग्गा मागेका छन् ती ठाउँमा जमिनलाई खेतीयोग्य अवस्थामा ल्याउनेमा उनीहरु नै थिए । उनीहरुको सोझोपनको फाईदा उठाएर पछि जमिन्दारले जग्गा लिएका हुन् । र अहिले खेतीलाई मलिलो बनाउने र खेतीमा काम गर्नेहरु पनि उनीहरु नै हुन् । काम गर्न जाँगर भएका किसानले जग्गा नपाउने तर भएको जमिन बाँझै रहने र जमिन हुनेहरुले नै सरकारी जग्गा अतिक्रमण गर्ने चलनको अन्त्य हुनु आवश्यक छ ।

कमैयाको माग र आन्दोलनलाई बेवास्ता गरी जुहारी खेलेर बस्ने मात्र हो भने कमैयाहरु थप आन्दोलनमा उत्रने निश्चित छ । मुक्तिको घोषणासँगै पुस्तौंदेखिको रगत पसिना बगाएको जमिन र बस्दै आएको छाप्रोको हक समेत खोसिएका कमैयाहरुले १० कट्ठा जमिनको माग जायज छ । कमैया पुर्नस्थापना कार्यमा लागेका संघसंस्थाले पनि जग्गाको मागलाई नै मुद्दा बनाउन आवश्यक हुन्छ ।

# बाहुनको घरमा बाँधा मजदुर छन् दलितहरू

● राम धामी, नेपाल समाचारपत्र, डडेलधुरा

डडेल्धुराको भित्रीमधेश जोगबुडा निबासी १३ वर्षीय सुरज चुनारा पारिश्रमिक बिना नै स्थानीय ब्राह्मणको खेत जोत्ने गर्दछन् । १५ वर्ष पहिले उनका बुबा काले चुनाराले खेत जोत्ने शर्तमा लिएको तीनहजार हालसम्म बुझाउन नसकेका कारण उनी रुपियाँको व्याजवापत खेत जोत्न बाध्य छन् ।

'एकमुष्ट रकम बुझाउन सकिदैन, यसैले ब्याजवापत खेत जोत्ने गरेको छु'- चुनाराले भने । बुबाको बृद्ध अवस्थाका कारण उनी १० वर्षकै उमेरदेखि छिमेकी ब्राह्मणको खेत जोत्न थालेको बताउँछन् । उनीसँग खेतीपातीको समयमा हलो जोत्नु र अन्य समय आरनमा बसेर काम गर्नु, काम गरेबापत गाउँलेले वर्षको एकचोटी अन्न दिने र सोही अन्नको भरमा परिवारका नौजनाको पेट पालिएको उनले बताए ।

यो समस्या चुनाराको मात्र होइन, डडेल्धुराका ग्रामीण क्षेत्रमा रहेका अधिकांश दलितको यस्तै अवस्था रहेको छ। सरकारले हलिया, कमैया र बाँधा मजदुर मुक्त गरी कानुन निर्माण गरिसके पनि डडेल्धुराका अधिकांश दलित समुदायका मानिस हलिया बाँधा मजदुरका रुपमा कार्यरत छन्।

शीर्ष गाविसको परिगाउँमा कामी र दमाई जातिका २० परिवारका लोग्ने मानिसले ठकुरी र बाहुन जातिको खेत जोत्ने गरेका छन्। यसबाहेक लुगा सिउने र आरनको काम समेत उनीहरु गर्दछन्। ठकुरी र बाहुन जातिका मानिसले ऋण दिएको रकमको ब्याजस्वरुप हलो जोत्नु र लुगा सिलाउने र आरनको काम गरेवापत वर्षमा पाइने अन्न (खलो) कै भरमा जीवन निर्वाह गर्नु उनीहरुको बाध्यता बनेको छ।

परिगाउँका निवर्तमान वडाध्यक्ष देवनाथ योगीका अनुसार उनीहरुमध्ये कुनै पनि दलितको स्वामित्वमा जग्गा जमिनं छैन्। वर्षौंदेखि यसरी नै जीवन निर्वाह गरिराखेका परिगाउँका दलितहरुले तिहार र चाडबाडको समयमा माग्ने समेत गरेको स्थानीयबासी बताउँछन्।

परिगाउँ मात्र होइन, शीर्षकै कटाल, ग्वानी, जोगबुडाको साहनी, तातोपानी लगायतका गाउँमा दलित जातिको बाहुल्य रहेको छ तर अधिकांश दलितसँग जग्गा जमिन छैन। गाउँलेले दिएको जमिन वा सार्वजनिक चौरमा घर बनाएर बस्ने सो क्षेत्रका दलितको अवस्था दयनीय रहेको जोगबुडा गाविसका निवर्तमान उपाध्यक्ष प्रेमसिंह बोहरा बताउँछन्।

दुई हजारदेखि पाँच हजारसम्म ऋणवापत पाइने रकमको ब्याजस्वरुप हलो जोत्नुपर्ने प्रथा डडेल्धुरामा मात्र होइन, बैतडी, दार्चुला, डोटी र सुदूरपश्चिमका सबैजसो पहाडी जिल्लामा अझै कायम रहेको छ भने काम गरेवापतको बालीघरे (खलो) प्रथासमेत यथावत रहेको पाइएको छ।

यस प्रथाको अन्त्यका लागि सरकारी गैरसरकारी क्षेत्रबाट पर्याप्त प्रयास भए पनि व्यवहारतः यस्ता कुरीति कायम रहिरहेका कारण दलितको जीवनस्तर माथि उठ्न नसकेको कुरा क्षेत्रीय दलित नेटवर्कका प्रतिनिधी एवं दलित नेता हीरा सार्की बताउँछन्।

ब्राह्मण र ठकुरीले हलो जोतेमा जात खस्ने परम्पराका कारण यस क्षेत्रका अधिकांश रुपमा दलितमार्फत् नै काम गराउने गरेको स्थानीयबासी बताउँछन्। हलियाका रुपमा काम गर्ने दलितका छोरी, बहिनी यौनशोषणको शिकार भएको र हलिया दलितले स्वतन्त्र ढंगले कुनै पनि निर्णय गर्न नसकेका कारण निर्वाचनमा मत प्रभावित हुने गरेको नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका कानुनी अनुसन्धाता अधिवक्ता बाबुराम अधिकारी बताउनुहुन्छ।

सरस्वती मा.वि. बगरकोटका प्रधानाध्यापक मानदेव भट्ट तराई क्षेत्रमा रहेका कमैयालाई मुक्त गरिए पनि पहाडी क्षेत्रमा कमैया कै शैलीमा काम गर्ने हलियाको अवस्थामा परिवर्तन नआउनु बिडम्वना भएको बताउनुहुन्छ। 'सरकारले कमैया जस्तै दलितलाई पनि हलियाबाट मुक्त गरेर घर जग्गाको व्यवस्था गरिदिनुपर्छ' - प्र.अं. भट्टले भन्नुभयो।

स्थानीय दलित नेता चक्र बहादुर स्नेहीको पनि दलितलाई हलिया प्रथाबाट मुक्त गरी उनीहरुको सीप र श्रमको ज्याला निर्धारण गरिनुपर्ने धारणा छ। बालीघरे (खलो) र हलिया प्रथाबाट मुक्ति नपाउन्जेलसम्म दलितको स्थितिमा सुधार नआउने दावी स्नेहीको छ। ●

# रातोदिन जमिन जोत्ने दलितहरु: भूमि अधिकारको खोजीमा

● जगत देउजा/ल्याम ब. दर्जी,

पर्वत जिल्लाको सदरमुकाम कुश्माबाट दुई घण्टा लाग्ने बेनीको छेउमा २५ घर दलितहरुको बस्ती रहेको छ। उक्त बस्ती पर्वत जिल्लाको माझफाँट गाविसको वडा नं २ लामाखेतमा पर्दछ। बस्तीसँगै ५ घर गैरदलित रहेका छन्। ती दलित परिवार सोही गाविसको वडा नं ६ गैराटोलबाट विभिन्न कारणले जग्गाविहीन हुन पुगेपछि बासको खोजीमा लामाखेतमा आएर बस्न थालेका हुन्। 'हामीहरु यहाँ बस्न थालेको २७ वर्ष भयो। गुजाराको लागि मल्लहरुको हलो जोतेका छौं। मैले हलो जोत्न थालेको १५ वर्ष भयो।' बस्तीका सबभन्दा पाका डिलसिंह दर्जी बताउँछन्।

बस्तीका धेरै समस्या मध्ये बासको ठेगान नहुनु प्रमुख समस्याको रुपमा रहेको छ। उनीहरुको नाममा घडेरी समेत दर्ता हुन सकेको छैन। त्यही ठाउँमा बस्ने ५ घर गैरदलितको जग्गा नापीको समयमा दर्ता भएपनि दलितहरु बसोबास गरेको जग्गा भने दर्ता भएन। 'गैरदलितले वन दर्ता गरे। तर हाम्रो छाप्रो भएको जग्गा दर्ता हुन सकेन। नापी पछि पनि जग्गा दर्ता गर्न गाउँ विकास समिति, जिल्ला मालपोत, नापी, राजनीतिक पार्टी आदिलाई अनुरोध गर्‍यौं तर हाम्रो पीडा कसैले बुझेनन्। चुनावको

समयमा जग्गा दर्ता गराउन सहयोग गर्ने वचन दिएर हाम्रो भोट पाई थुप्रै व्यक्ति पदमा आसिन भए तर हाम्रो समस्या ज्यूँकात्यूँ रहेको छ ।' सोही बस्तीकी हरिकला दर्जी आफूहरुको पीडा पोख्छिन् ।

घडेरी दर्ताको लागि गाउँमा गरिने कोटपुजाको लागि १२ सय देखि १५ सय रुपैंया पनि यिनीहरुले बुझाएका छन् । कोट पुजाको लागि पैसा दिए मात्र जग्गा दर्ता हुने भनेर गाविसका पदाधिकारीहरुले भनेकाले उनीहरुले गाँस काटेर पैसा बुझाएका हुन् । तर जग्गा दर्ता भएन । ०४० सालमा आएको नापी बस्तीमा आउने बेलामा झगडा गरेर भगाइ दिएकाले पनि जग्गा दर्ता नभएको उनीहरु बताउँछन् ।

यस बाहेक उनीहरुको अर्को पीडाको रुपमा मोहियानी हक नपाउनु रहेको छ । उनीहरु मध्ये अधिकांशले काठमाडौंका मल्ल साहूको जमिन जोत्ने गरेका छन् । यसरी जमिन जोत्न थालेको बिसौं वर्ष भई सकेको छ । हरेक उत्पादनको आधा अन्न जग्गावाललाई खलोमा नै बुझाउनुपर्छ । नल पराल समेत आधा पार्नु पर्ने बाध्यता छ, अनुमती नलिई धान काट्न पाईदैंन । जग्गा कमाए वापत सित्तैमा गुहारे जानु पर्ने चलन अझै हट्न सकेको छैन । तैपनि उनीहरुले मोहियानी हकको त कुरै छोडौं बाली बुझाए वापत भर्पाई समेत पाएका छैनन् । एक मुख्य बालीको आधा उत्पादन भन्दा बढी कुत लिन नपाईने भूमि सम्बन्धी ऐनमा भएको नीतिगत व्यवस्था यस बस्तीमा लागू हुन सकेको छैन । यस्तै समुदायको न्यायको लागि बनेका भनिएका सरकारले उल्टै मोहियानी नलाग्ने नीति लागू गरेका छन् । 'यहाँ बसेदेखि ठकुरी सापको जग्गा कमाइरहेका छौ, फलेको अन्नमध्ये तीन भागको २ भाग अन्न बुझाउँदा पनि मोहियानी लागेन, मोहियानीको कुरा गरे जग्गा नै खोसीदिन्छन् ।' जग्गा कमाईरहेका गम्भीर दर्जी आफ्ना भोगाई सुनाउँछन् ।

अरुको जग्गा जोत्ने बाहेक यहाँका अधिकांश महिला र पुरुष ज्यालाको काम गर्दछन । बालुवा र ढुंगा बोक्ने काम प्रायजसो महिलाले गर्छन् भने पुरुषहरु सिकर्मी र डकर्मी काम गर्छन । आफ्नो खेतीपाती नभएकाले बाँच्नका लागि सस्तो ज्यालामा काम गर्नुपरेको छ । '४ माना कोदोको लागि २ दिन पुरै अरुको बारी रोपेको एक जना महिला बताउँछिन् । के गर्ने, बच्चा पाल्नैपर्‍यो जस्तो काम पनि गर्नुपर्ने रहेछ, आफ्नो खेतीपाती भएको भए यस्तो अन्याय भोग्नु पर्दैनथ्यो - उनी थप्छिन् ।

यो समाजमा हेपीन त हेपीएकै थियौं । तर छाप्रो उभ्याउने समेत जमिन नभएकोले अझै हेपीनु परेको छ । समुदायका हुनेखानेले तिमीहरु सुकुम्बासीको छाप्रो फालिदिन्छौं भन्दा हामीलाई सबभन्दा पीडा महसुस हुन्छ । हामीलाई पनि चर्पी बनाउने, पानीको धारो खसाल्ने, तरकारी लगाउने, गाईको गोठ बनाउने र छोराछोरीलाई विद्यालय पठाउने रहर नभएको होइन, तर जग्गा नभएपछि के गर्ने ? उनीहरुको सामूहिक प्रश्न छ ।


धेरै पीडा र अन्याय भोगेका यी दलितहरु केही समय यता आफ्नो हकका लागि संगठीत हुन र अनौपचारिक कक्षामा सहभागी हुन थालेका छन् । पर्वत र बाग्लुङमा कार्यरत संस्था आत्मनिर्भर विकास मञ्चले उनीहरुको अधिकारका लागि संगठीत हुन सघाईरहेको छ । ३० जना महिलाहरुको समूह आफ्नो समूदायको


*'गैरदलितले वन दर्ता गरे । तर हाम्रो छाप्रो भएको जग्गा दर्ता हुन सकेन । नापी पछि पनि जग्गा दर्ता गर्न गाउँ विकास समिति, जिल्ला मालपोत, नापी, राजनीतिक पार्टी आदिलाई अनुरोध गर्‍यौं तर हाम्रो पीडा कसैले बुझेनन् । चुनावको समयमा जग्गा दर्ता गराउन सहयोग गर्ने वचन दिएर हाम्रो भोट पाई थुप्रै व्यक्ति पदमा आसिन भए तर हाम्रो समस्या ज्यूँकात्यूँ रहेको छ ।'*


हकका लागि जुर्मुराएको छ । यस क्रममा उनीहरु जमिनमा आफ्नो हकको खोजी गर्न थालेका छन् । 'संगठीत हुन थालेपछि अँध्यारा हट्दै गएको अनुभव महिला समूहकी अध्यक्ष लक्ष्मी दर्जीको रहेको छ । हकवारे बुझ्न कुश्मामा गएको चैतमा २ दिने छलफल कार्यक्रम भएको थियो । कार्यक्रममा यस बस्तीका ९ जना समुदायका अगुवाले भाग लिएका छन् । आफ्ना हकवारे बुझेपछि उनीहरु संगठीत रुपमै हक प्राप्तिको अभियानमा सामेल भएका छन् । उनीहरुको पहिलो मुद्दा घरघडेरी, दोस्रो मोहियानी हक र तेस्रो हलिया प्रथा जस्तो शोषण हट्नु पर्ने रहेको छ ।

सामाजिक तथा आर्थिक रुपमा पछाडि परेका यो र यस्ता कयौं दलित बस्तीहरुको मुख्य समस्या भूमिहीनता रहेको छ । भूमिहीनताका कारण यिनीहरु कथित अछुत र सुकुम्बासी जस्ता सामाजिक अन्यायका पीडा भोग्न बाध्य छन् । यी समूदायको सामाजिक समुन्नतिको लागि जमिनमा यिनीहरुको स्वामित्व हुनु आवश्यक छ । तसर्थ राज्यले यिनीहरु बसोबास गरिरहेको जग्गा दर्ता गरिदिन कुनै आईतबार नपर्खी समस्याको समयमै टुंगो लगाउनु पर्छ । दलित भएकै कारण घर उभ्याउने जमिन समेत नपाउनु ज्यादै अन्याय हुन जान्छ । लालपूर्जाको टुक्रो नभएकाले राज्यबाट पाउने अन्य सुविधाबाट समेत बञ्चित रहनुपरेको अवस्था रहेको छ । अर्को कुरा अधियाँ र त्रिकुर प्रथाको रुपमा रहेको शोषण कम गर्न समेत सरकार समयमै सचेत हुनु आवश्यक छ तर यो शोषण घटाउने नाममा जग्गै खोसिदिने अवस्था भने कुनै पनि हालतमा आउनु हुँदैन । यिनीहरुको पीडालाई महसुस गरी सबैले आ-आफ्नो क्षेत्रबाट ईमान्दारीताका साथ काम गरेमा लामाखेतका दलितहरु पनि आफ्नो नामको छाप्रोमा बस्न पाउनेछन् । उनीहरुको पीडा कम हुनेछ । सामाजिक उन्नति गर्ने क्रममा एक पाइला अगाडि बढ्नेछन् । यसका लागि सबभन्दा महत्वपूर्ण उर्जा भने आफूहरुको हक अरुले दिने नभई, आफैं लाग्नुपर्छ भन्ने महसुसता नै हो । तयार भएको संगठनलाई अझै बलियो पार्दे उपयुक्त अभियान संचालन गरेमा लामाखेतबासी दलितहरु एकदिन पक्कै धेरथोर जग्गाका जग्गाधनी बन्नेछन्, जुन उनीहरुको समग्र विकासको आधार पनि हो । ●

# हाम्रा प्रकाशनहरु














प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

**Community Self Reliance Centre (CSRC)**

सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं

पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६

E-mail : csrc@tenancy.wlink.com.np, Website : www.csrc.org.np